# बाणगङ्गा राजपत्र

बाणगङ्गा नगरपालिकाद्वारा प्रकाशित

बाणगङ्गा, खण्डः १, भागः १, संख्याः ११ मितिः २०७५ साल असार २५ गते

## भाग-१
## बाणगङ्गा नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय, कपिलवस्तु

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम बाणगङ्गा नगरपालिकाको विनियोजन ऐन, २०७५ सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

## बाणगंगा नगरपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन विधेयक, २०७५

**<u>प्रस्तावनाः</u>**. बाणगंगा नगरपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम बाणगंगा नगरपालिका, नगर सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्त नाम र प्रारम्भः** **(१)**यस ऐनको नाम “बाणगंगा नगरपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन नगरसभाले पारित गरी बाणगंगा राजपत्रमा प्रकाशित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७५।०७६ को निमित्त नगरकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु ८८,४५,५२,०००।- (अक्षेरुपी अठासी करोड पैचालिस लाख बाउन्न हजारमात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः** **(१)** यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त बाणगंगा नगरपालिको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगरकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा

रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

<table>
<tr><th>क्र.सं.</th><th>अनुदान संख्या</th><th>शीर्षकको नाम</th><th>चालु खर्च</th><th>पूँजिगतखर्च</th><th>वित्तियव्यवस्था</th><th>जम्मा</th></tr>
<tr><td>1</td><td>2</td><td>3</td><td>4</td><td>5</td><td>6</td><td>7</td></tr>
<tr><td>1</td><td></td><td>नगरकार्यपालिका</td><td rowspan="5">49,05,39,839.00</td><td rowspan="5">39,40,12,161.00</td><td rowspan="5">0.00</td><td rowspan="5">88,45,52,000.00</td></tr>
<tr><td>2</td><td></td><td>वडा समिति</td></tr>
<tr><td>3</td><td></td><td>बिषयगत शाखा</td></tr>
<tr><td>4</td><td></td><td>ऋणको सावा व्याज भुक्तानी</td></tr>
<tr><td>5</td><td></td><td>सामाजिक सुरक्षा</td></tr>
<tr><td colspan="2"></td><td>s'n hDdf</td><td></td><td></td><td></td><td></td></tr>
</table>

**नगर प्रमुखबाट प्रमाणिकरण मितिः २०७५।३।२१**

आज्ञाले,<br>
तुल्सीराम मरासिनी<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
बाणगंगा नगरपालिका